# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, चैत्र १९ गते, २०८० साल (सङ्ख्या ४०

## भाग ३

### बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

**बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८०**

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको मापदण्ड बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० रहेको छ।"

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० को दफा ५ मा संशोधनः</u>** बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० को दफा ५ को, उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर आर्थिक वर्ष २०८०।०८१ को हकमा यस्तो सहमति चैत्र मसान्तभित्र लिन बाधा पर्ने छैन।"

उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांशको थप गरिएको छः-

"तर आर्थिक वर्ष २०८०।०८१ को हकमा २०८० साल फाल्गुन मसान्त पश्चात् स्रोतको सहमति स्वीकृत भएका आयोजनाहरुको हकमा यस्तो सम्झौता आर्थिक वर्षको एघार महिनाभित्र गर्न बाधा पर्ने छैन।"

**आज्ञाले,**
**लक्ष्मी कुमार रिमाल**
**प्रदेश सरकारको निमित्त सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-